# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ३० गते २०३४ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

२०३५ साल वैशाख १ गतेदेखि ऐजन चैत्र मसान्ततक वर्ष १ मा देहायबमोजिम सार्वजनिक बिदा र अरू पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छ :–

१. विभिन्न मन्त्रालय, अड्डा अदालत एवं कार्यालयहरूलाई हरेक शनिबार दिन बाउन्न– ५२

| | | | |
|---|---|---|---|
| वैशाख | २, ९, १६, २३, ३० | गते दिन पाँच – | ५ |
| जेष्ठ | ७, १४, २१, २८ | गते दिन चार – | ४ |
| आषाढ | ३, १०, १७, २४, ३१ | गते दिन पाँच – | ५ |
| श्रावण | ७, १४, २१, २८ | गते दिन चार – | ४ |
| भाद्र | ३, १०, १७, २४, ३१ | गते दिन पाँच – | ५ |
| आश्विन | ७, १४, २१, २८, | गते दिन चार – | ४ |
| कार्तिक | ४, ११, १८, २५ | गते दिन चार – | ४ |
| मार्ग | ३, १०, १७, २४ | गते दिन चार – | ४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८७

| | | | |
|---|---|---|---|
| पौष | १, ८, १५, २२, २९ | गते दिन पाँच – | ५ |
| माघ | ६, १३, २०, २७ | गते दिन चार – | ४ |
| फाल्गुण | ५, १२, १९, २६ | गते दिन चार – | ४ |
| चैत्र | ४, ११, १८, २५ | गते दिन चार – | ४ |

२. अन्य पर्व बिदाहरू:–

(क) नववर्ष:– वैशाख १ गते शुक्रबार दिन एक– १

(ख) ऋषितर्पणी (रक्षाबन्धन):– भाद्र २ गते शुक्रबार दिन एक– १

(ग) वसन्तपञ्चमी:– माघ १८ गते बृहस्पतिबार दिन एक– १

(घ) महाशिवरात्रि:– फाल्गुण १३ गते आदित्यबार दिन एक– १

(ङ) फागु पूर्णिमा:– फाल्गुण २९ गते मङ्गलबार दिन एक– १

(च) चैत्र शुक्ल अष्टमी (चैत्र दशैं):– २०३४ सालको चैत्र दशैं २०३५ साल वैशाख २ गते शनिबार परेकोले बिदा भनी रहन नपर्ने ।

२०३५ सालको चैत्र दशैं चैत्र २२ गते बुधबार परेकोले बिदा दिन– १

(छ) रामनवमी:– २०३४ सालको रामनवमी २०३५ साल वैशाख ३ गते आदित्यबार परेकोले बिदा दिन एक– १

२०३५ सालको रामनवमी चैत्र २३ गते बृहस्पतिबार परेकोले बिदा दिन एक– १

३. जात्रा बिदाहरू (उपत्यकालाई मात्र):–

(क) गाईजात्रा:– भाद्र ३ गते शनिबार परेकोले बिदा भनी रहन नपर्ने ।

(ख) इन्द्रजात्रा:– भाद्र ३० गते शुक्रबार दिन एक– १

(ग) घोडेजात्रा:– चैत्र १४ गते मङ्गलबार दिन एक– १

(घ) मछिन्द्रनाथको भोटो देखाउने दिन एक–

४. महिला कर्मचारीको लागि मात्र:–

(क) हरितालिका (तीज):– भाद्र २० गते मङ्गलबार दिन एक– १

(ख) ऋषिपञ्चमी:– भाद्र २२ गते बृहस्पतिबार दिन एक– १

(ग) नारी दिवस:– ८ मार्च १९७९ तदनुसार फाल्गुण २५ गते शुक्रबार दिन आधा– ½

५. दशैं बिदा:–

(क) श्री ५ को सरकारको मन्त्रालय, विभाग, अड्डा अदालत, न्यायिक समिति तथा अन्य कार्यालयहरूसमेतलाई आश्विन १७ गते मङ्गलबार घटस्थापना दिन १ त्यसपछि आश्विन २२ गते आदित्यबार फुलपातीदेखि २९ गते आदित्यबार कोजाग्रत पूर्णिमासम्म दिन आठ– ८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CCC

६. तिहार बिदा:–

(क) लक्ष्मीपूजा:– कार्तिक १४ गते मङ्गलबार दिन एक– १

(ख) गोवर्धनपूजा (म्हपूजा):– कार्तिक १५ गते बुधबार दिन एक– १

(ग) भातृ (किजा) पूजा:– कार्तिक १६ गते बृहस्पतिबार दिन एक– १

७. दिवस बिदा:–

(क) संयुक्त राष्ट्रसंघ दिवस:– २४ अक्टोबर १९७८ तदनुसार कार्तिक ७ गते मङ्गलबार दिन आधा– ½

(ख) नेपाल शहिद दिवस माघ १६ गते मङ्गलबार दिन आधा– ½

८. श्री ५ महाराजाधिराज सरकारको स्वदेश वा विदेश भ्रमणमा बाहिर सवारी होइबक्संदा र राजधानी फिर्ती सवारी होइबक्संदा देहायबमोजिम बिदा हुने:–

(क) राजकीय भ्रमण गरिबक्संदा अधिराज्यभर बिदा ।

(ख) औपचारिक भ्रमण गरिबक्संदा उपत्यकाभित्रका कार्यालयहरूलाई म.न आधा दिन बिदा ।

९. शुभ–जन्मोत्सव:–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ–जन्मोत्सव:– अधिराज्यभर पौष १४ गते शुक्रबार र अधिराज्यबाहिर १९७८ डिसेम्बर २८ तारीख (पौष १३ गते बृहस्पतिबार) दिन एक– १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ–जन्मोत्सव:– अधिराज्यभर कार्तिक २२ गते बुधबार र अधिराज्यबाहिर १९७८ नोवेम्बर ७ तारीख (कार्तिक २१ गते मङ्गलबार) दिन एक– १

१०. जन्म–जयन्तीहरू:–

(क) गौतमबुद्ध जयन्ती:– जेष्ठ ८ गते सोमबार दिन एक– १

(ख) कृष्ण जयन्ती:– भाद्र ६ गते शुक्रबार दिन एक– १

(ग) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको शुभ–जयन्ती:– पौष २७ गते बृहस्पतिबार दिन एक– १

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवस:– फाल्गुण ७ गते सोमबार दिन एक– १

(ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस:– पौष १ गते शनिबार परेकोले बिदा थपी रहन नपर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६९

११. हाजिर हुने र छुट्ने समयः–

मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ महीना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त तोकिएको दिन, ठाउँ र समय सूचना भएबमोजिम गर्नेः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ–जन्मोत्सवमा उपस्थित हुने ।

(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने ।

(ग) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसमा उपस्थित हुने ।

(ङ) श्री ५ पृथ्वी जयन्तीमा उपस्थित हुने ।

(च) श्री ५ महाराजाधिराज सरकारबाट वसन्तश्रवण गरिबक्सने दिन ।

(छ) बडा दशैं फुलपातीको दिन उपस्थित हुने ।

(ज) घोडेजात्राको तमासामा उपस्थित हुने ।

(झ) महा–शिवरात्रिको बढाइंमा उपस्थित हुने ।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजनामा काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तैः– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना, चौकी, फायर वृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाकसमेतको कामकाज रोक्न नहुने कार्यालयहरूको निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानून-बमोजिम रीत पुऱ्याई मात्र बस्न पाइनेछ ।

टिप्पणीः–

आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १½ बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले–
सहायक रथी वीरेन्द्रप्रसाद शाह
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C50